REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 18.05.2026

## इन्धन बचत गर्न मुख्यमन्त्रीले मितव्ययिता अपनाउन जारी राखेका छन्

राष्ट्रको अर्थतन्त्र र कुशल सार्वजनिक प्रशासनको हितमा अनुशासित र जिम्मेवार प्रशासनिक अभ्यासहरू अपनाउन प्रधानमन्त्री नरेन्द्र मोदीको अपीलपछि सिक्किम सरकारले आजदेखि राज्यभर औपचारिक रूपमा मितव्ययिता अपनाउने उपायहरू शुरू गरेको छ।

चालिएका सबैभन्दा महत्वपूर्ण कदमहरूमध्ये एक मुख्यमन्त्रीको मोटर काफिलामा ५० प्रतिशतले कटौती गर्नु हो। थप रूपमा सरकारी र निजी सवारी साधनहरूको लागि Odd-Even मापदण्डहरू लागू गरिनेछ। ट्याक्सी र आपतकालीन सेवाहरूको लागि मात्र यसमा छुट दिइनेछ।

## आज मनन केन्द्रमा मुख्यमन्त्री कार्यालय कार्यक्रम सम्पन्न

आज मनन केन्द्रमा, मुख्यमन्त्री कार्यालयका विभिन्न योजनाहरू अन्तर्गतका लाभार्थीहरूलाई नरबहादुर भण्डारी फेलोशिप, ल्यापटप वितरण, सिक्किम गरीब आवास योजना, मुख्यमन्त्री स्वरोजगार सहायता योजना, मुख्यमन्त्री शिक्षा सहायता योजना, र मुख्यमन्त्री विवेकाधीन अनुदान मार्फत वित्तीय सहायता लगायत लाभहरू प्रदान गरियो। कार्यक्रममा भाग लिन सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आफ्नो सरकारी निवास मिन्तोकगाङबाट माल्सोकको मनन केन्द्रसम्म इन्धन बचत गर्दै पैदल यात्रा गरेर आफ्नो वास्तविक नेतृत्वको प्रदर्शन गर्नुभयो।

## सिक्किममा मतदाता नामावलीको विशेष सघन संशोधन 30 मई देखि शुरू हुनेः मुख्य निर्वाचन अधिकारी

सिक्किमका मुख्य निर्वाचन अधिकारी राज यादवले भारतको निर्वाचन आयोगको निर्देशनमा सिक्किममा मतदाता नामावलीको विशेष गहन संशोधन 30 मई देखि शुरू हुने बताएकाछन्। निर्वाचन विभागका अनुसार, BLO हरूले मे 30 देखि 28 जून सम्म प्रमाणीकरण गर्नेछन् भने मस्यौदा मतदाता नामावली 5 जुलाई मा प्रकाशित हुनेछ। अन्तिम मतदाता नामावली 6 सेप्टेम्बर 2026 मा जारी गरिने निर्धारितछ। श्री यादवले भने, वर्तमान मतदाता नामावलीको लगभग 80 प्रतिशत 2002 को मतदाता सूचीसँग जोडिएको छ। उनले राज्यभरि 572 बुथ लेभल अफिसरहरू ले घर-घरमा व्यापक प्रमाणीकरण अभ्यास गर्ने जानकारी पनि दिए।

ग्रान्ड जुरी अवार्ड: शेप ऑफ़ मोमो

सिक्किमेली फिल्म निर्माता त्रिबेणी राईको शेप ऑफ़ मोमो फिल्मले 29 मई 2026 मा भारत र नेपालभरि फिल्मको थिएटर रिलिज हुनुभन्दा केही दिन अघि सियाटल अन्तर्राष्ट्रिय फिल्म महोत्सव (SIFF) मा New Directors Competition मा ग्रान्ड जूरी अवार्ड जितेको छ।निर्देशक त्रिबेणी राईले फिल्मको थिएटर रिलिज हुनुभन्दा ठीक अगाडि यति महत्त्वपूर्ण पुरस्कार जित्न पाउँदा आफु रोमान्चित भएको  भनेकी छन्।

जन भागीदारी सबसे दूर, पहिले' सम्बन्ध सूचना, शिक्षा र शिक्षा अभियान

'जन भागीदारी सबसे दूर, सबसे पहले' सम्बन्धी राष्ट्रव्यापी सूचना, शिक्षा र सञ्चार अभियानको आगामी शुरुवा को बारेमा ब्लक स्तरीय अधिकारीहरूको लागि परिचय सत्र आज मंगनस्थित उप-विभागीय मजिस्ट्रेटको कार्यालयमा आयोजना गरिएको थियो। बैठक आजदेखि 25 मई, 2026 सम्म तय गरिएको अभियानको योजना र समन्वय कार्यान्वयनमा केन्द्रित थियो, जसको उद्देश्य जनजाति समुदाय र विशेष गरी कमजोर जनजाति समूहहरूमा पहुँचलाई सुदृढ पार्ने र कल्याणकारी लाभहरूको सबै सम्म पहुंच सुनिश्चित गर्ने थियो।

यो अभियान भारत सरकारका दुई प्रमुख पहलहरू प्रधानमन्त्री जनजाति आदिवासी न्याय महा अभियान र धरती आबा जनजातिय ग्राम उत्कर्ष अभियानको अनुगमनको रूपमा लागू गरिएको छ।

सक्किम प्रिमियर लिग सिजन 4 को ग्रान्ड फिनाले

सिक्किम प्रिमियर लिग सिजन 4 को बहुप्रतिक्षित ग्रान्ड फिनालेमा, सिंगलिङ स्पोर्टिङ क्लबले आज राति ति पाल्जोर स्टेडियममा फ्लडलाइटमा सिनियोल्चु फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

सिक्किमका मुख्यमन्त्री तथा एसपीएलका प्रमुख संरक्षक प्रेम सिंह तामाङ खेल हेर्न उपस्थित हुने कार्यक्रम छ। यो 40 दिन लामो फुटबल प्रतियोगिता फुटबल विकास प्राइभेट लिमिटेड [FDPL] द्वारा सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागको तत्वावधानमा र सिक्किम फुटबल संघको प्राविधिक सहयोगमा आयोजना गरिएको हो।

सिक्किमको ब्याडमिन्टन संघले हिजो बैठक आयोजना गर्यो

ब्याडमिन्टन संघ सिक्किम, BAS ले हिजो गान्तोकमा आफ्नो 35 औं वार्षिक साधारण सभा आयोजना गर्यो। बैठकमा BAS का महासचिव सुकान्त दासले 2025-2026 को वार्षिक प्रतिवेदन प्रस्तुत गरे भने कोषाध्यक्ष कर्मा भुटियाले सोही अवधिको वार्षिक वित्तीय प्रतिवेदन सदनमा प्रस्तुत गरे। बैठकको प्रमुख आकर्षण नोभेम्बर 2026 मा सिक्किममा हुने जुनियर राष्ट्रिय ब्याडमिन्टन चैंपियनशिपको आगामी आयोजनाको बारेमा छलफल गर्नु थियो।